☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर ,लमजुङ
२०७३
कृषि विकास, शाखा

प.सं. २०८२/०८३
च.नं.

गण्डकी प्रदेश, नेपाल ।

## कृषि कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना!

*दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२१ गते*

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को नगरपालिका तर्फको तपशिल अनुसारको कार्यक्रम सञ्चालन हुने हुदाँ बेसीशहर नगरपालिका भित्रका ईच्छुक कृषक समुह/कृषि फर्म/कृषि सहकारी/सामूदायिक विद्यालय/ कृषकहरुले देहाय बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ कार्यदिन (२०८२/०७/२८ गते) भित्र कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र. सं | कार्यक्रमहरु/कृयाकलापको नाम | संख्या/ लक्ष्य | विनियोजित बजेट( रु. हजारमा) | कार्यक्रम सञ्चालन गर्ने मापदण्डहरु |
|---|---|---|---|---|
| १ | बजारमुखी व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | ५ | २५० | - खुला जमिनमा भए कम्तिमा २ रोपनी र प्लाष्टिक घर भए २०० वर्ग मि. क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गरिनुपर्ने।<br>- सामूहिक भए कम्तिमा ७ रोपनी क्षेत्रफलमा खेती गरिनुपर्ने।<br>- उत्पादन वृद्धि हुने कार्यमा मात्र खर्च गर्न पाइनेछ।<br>- पुर्वाधार निर्माणमा खर्च गर्न पाइने छैन।<br>- कम्तिमा ५०% बराबरको लागत साझेदारी भएको हुनुपर्ने।<br>- बजारको माग अनुसारको व्यवसायिक रुपमा तरकारी खेती गर्नुपर्ने।<br>- सकृय कृषि फर्म/ कृषक समूह/ सामुहिक खेतीलाई प्राथमिकता प्रदान गरिने। |
| २ | होमस्टे लक्षित प्राङ्गारिक तरकारी खेती कार्यक्रम | २ | ७५ | - नियमानुसार दर्ता भएको होमस्टे अन्तगतका कृषक हुनुपर्ने।<br>- प्राङ्गारिक तवरले खेती गरिनुपर्ने।<br>- होमस्टे सञ्चालनमा सहयोग हुने बाली लगाउनुपर्ने।<br>- बढिमा ५०% अनुदान प्रदान गरिने। |
| ३ | सामूदायिक विद्यालयमा कृषि चिनारी कार्यक्रम | १ | ५० | - सामूदायिक विद्यालय हुनुपर्ने छ ।<br>- कृषि विषय अध्ययन हुने विद्यालयलाई प्राथमिकता दिईनेछ ।<br>- कार्यक्रम संचालनका लागि विद्यालयको आफ्नै जग्गा भएकोलाई प्राथमिकता दिइनेछ । |



०७/२१
ममता अधिकारी
शाखा प्रमुख
अधिकृत, (सातौं तह)

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर ,लमजुङ
२०७३
कृषि विकास, शाखा

गण्डकी प्रदेश, नेपाल ।

प.सं. २०८२/०८३
च.नं.

आवश्यक कागजातहरु:

- तोकिएको ढाँचामा निवेदन ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- नेपाली नागरिकताको प्रतिलिपि ।
- संस्थाको हकमा दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र, संस्थाको स्थायी लेखा नम्बर, कर चुक्ता, कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपि ।
- मापदण्ड तथा कार्यविधिमा तोकिएको अन्य कागजातहरु ।

Adhikari
०७/२९
ममता अधिकारी
शाखा प्रमुख
कृषि अधिकृत, (सातौं तह)